मिति : २०७८।०३।१०

## बुंगल नगरपालिकाको सातौ नगर परिषद् उद्घाटन समारोह, २०७८
## आषाढ १०

**यस गरिमामय नगर सभाका अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्युहरु,**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ४ दफा १९ बमोजिम यस बुंगल नगरपालिको छैठौं नगर परिषद्को गरिमामय सभामा  बार्षिक नीति कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

सर्व प्रथम संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य स्थापना गर्नाको लागि र यो देशको लागि जीवन बलिदान गर्नु हुने सम्पुर्ण महान ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण हार्दिक श्रदान्जलि अपर्ण गर्दछु । घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुप्रति उच्च सम्मानका साथ सहानुभुति प्रकट गर्दछु ।
नेपालको संविधानले व्यवस्था गरे बमोजिम मुलुकमा संघिय शासन प्रणाली कार्यान्वयन भईरहेको वर्तमान सन्दर्भमा नगरपालिका, आर्थिक, सामाजिक विकास, भौतिक पुर्वाधार निर्माण, कृर्षि, जलस्रोत,पर्यटन विकास र सुशासन प्रवर्द्रनको दिशामा अघि बढि रहेकोछ । उपल्ब्ध स्रोत साधनको परिचालन गरी नगरपालिकाको समग्र विकास र समृद्धि मार्फत मार्फत सुखि नगरबासी –समृद्ध नगरपालिका बनाउन लक्ष्य पुरा गर्ने दिशामा अग्रसर छौं ।
दोस्रो चरणको  कोभिड -19  कोरोना भाइरसको कारणले विश्वलाई सन्त्राससमय बनाएको छ । यो संकटमय अवस्थामा यस नगरपालिका भित्र कोभिड अस्पताल र आइसुलेसन सञ्चालन गरि कोभिड -19 कोरोना नियन्त्रणका लागि सहयोग गर्नुहुने सम्पुण जनप्रतिनिधि, स्वास्थ्यकर्मी,  सुरक्षाकर्मी, कर्मचारी, अभिभावक लगायत स्वंयम सेवकहरुलाई धन्यावाद ज्ञापन गर्दछु ।
नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब ६ बर्ष पुरा भएको छ । संघ, प्रदेश र स्थानीय तह नेपालको मुल राज्य संरचना हो ।यी तीन वटै तहले नेपालको राज्य शक्तिको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुन बमोजिम हुने व्यबस्था रहेको छ ।स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी बिषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने संवैधानिक व्यबस्था रहेको छ ।
राज्यको पुर्नसंरचना संगै नेपालमा स्थापित ७५३ वटा स्थानीय तह मध्य बझाङ जिल्लामा अवस्थित बुंगल नगरपालिका एउटा स्थानीय तह हो । यस नगरपालिकाको पुर्वमा  सुर्मा गाउँपालिका र  केदार स्यु गाउँपालिका, पश्चिममा बैतडी जिल्ला उत्तरमा दार्चुला जिल्ला दक्षिणमा वित्थड चिर गाउँपालिका पर्दछन । यस नगरपालिका क्षेत्रको ४४७.५९ वर्ग किलोमिटर रहेको छ भने कुल जनसंख्या ३३२३४ रहेको छ । यो नगरपालिका भित्र पशुपालन,कृर्षि कार्य, फलाम , सिलेट खरिढुङ्गा, खनिज पदार्थको सम्भावना निकै रहेको पाइन्छ र भौगौलिक रुपमा दुर्गम तथा विकट  बुंगल क्षेत्रको नामले नामाकरण गरिएको यो नगरपालिका प्राकृतिक स्रोत, साधन, धार्मिक तथा पर्यटकिय क्षेत्रका हिसाबले भरिभराउ रहेको र पर्याप्त मात्रामा नदि नाला भएकाले कृर्षिको लागि अति सम्भावना बोकेको स्थान हो । धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यस नगरपालिका भित्र विभिन्न प्राकृतिक दृश्यहरु धार्मिक स्थलहरु सांस्कृतिक प्रचलनहरु भाषा र भेषभुषाहरु रहेका छन । जस भित्र थान पाटन,  बाइसधारा तिर्थ धाम , बडडि ज्यावन,  धौउल ढङ्गा , पुरम चुली, खोल्लेक जस्ता विभिन्न पर्यटकीय

महत्व बोकेका स्थलहरु रहेका छन। जिल्ला सदरमुकाम बाट टाढा रहेको यस नगरपालिकाले विगत तिन बर्ष देखि संविधान तथा कानुन बमोजिम स्थानीय शासनको अभ्यास गरिरहेका छौ।

नगरपालिकाको सातौ नगरसभामा यहाँहरु समक्ष आ ब २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न गईरहेको छु।

गरिमामय नगर सभाका अध्यक्ष महोदय,

**बजेट तथा योजना निर्धारणका आधारहरु**

१. नेपालको संविधान अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको अनुसुची
२. नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हकहरु
३. नेपालको संविधान २०७२ को धारा ५१ मा उल्लेखित राज्यका नीतिहरु
४. नेपालको संविधान भाग ४ अन्तर्गत राज्यको आर्थिक सामाजिक विकास प्राकृतिक श्रोत साधनको उपयोग वातावरण संरक्षण सम्बन्धी नीति
५. स्थानीय शासन सञ्चालन ऐन र नियमावलीमा भएको व्यवस्था
६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४
७. स्थानीय निकाय श्रोत परिचालन तथा कार्यविधि २०६९ र न्युनतम सर्त कार्य सम्पादन कार्यविधिले निर्दिष्ट गरेका व्यवस्थाहरु
८. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिगदर्शन २०७४
९. संघीय मामिला तथा समान्य प्रशासन मान्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
१०. राजनीतिक दल, विषयगत कार्यालय, नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
११. वडा स्तरीय भेला, योजना तर्जुमा समिति हुँदै सहभागीता मुलक योजना तर्जुमा प्रकृया बाट आएका योजना तथा कार्यक्रमहरु
१२. उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु नगर बासी जनताहरुको जिवन, स्तर , आम्दानी र रोजगार बढाउने योजनाहरु
१३. विपन्न तथा लक्षित वर्गलाई प्रत्यक्ष समेट्ने आयोजनाहरु कम लागत तथा बढी सहभागीतामा संचालित हुने आयोजनाहरु
१४. वातावरण संरक्षण तथा सम्बर्धन गर्न सघाउने योजनाहरु
१५. अन्य निकायको साझेदारीमा सञ्चालित आयोजनाहरु
१६. ठुला तथा गौरवका आयोजनाहरु
१७. कोभिड -19 को जोखिम बाट उत्पन्न हुने समस्या समाधान गर्ने आयोजनाहरु

_गरिमामय नगर सभाका अध्यक्ष महोदय,

**आ ब २०७७/२०७८ मुख्य मुख्य उपलब्धी**

१ खेल मैदानको निर्माण कार्य सम्मपन्न गरी नगरस्तरीय खेलकुद सञ्चालन गरियो।

२ कोभिड १९ को महामारी बाट बच्नको लागि कोभिड अस्पतालको निर्माण,कोभिड नियन्त्रणका लागि स्वास्थ्य कर्मि परिचालन गरी PCR संकलन तथा परिक्षण गरिएको।

३ पुतली लेकमा प्रहरी विटको स्थापना गरिएको।

४ प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाइ,वर्थिङ्ग सेन्टर सञ्चालन भइरहेको।

५ पोषण स्तरमा सुधार हटाउन सुनौला हजार दिनका आमाहरुका लागि जनचेतना मुलक कार्यक्रमका साथै तरकारीको बिउ बिजन तथा कुखुराका चल्ला वितरण गरियो ।
६ अनाथ बालबालिकाहरु सुरक्षित गास,बास र शिक्षाको लागि अनाथालय स्थापना भइ निरन्तर सञ्चालनमा रहेको ।
८ असहाय,एकल महिला र जेष्ठ नागरिकहरुलाइ कम्मल वितरण गरिएको ।
९ असहाय,अपाङ्ग,अति विपन्न र दिर्घरोगी स्वास्थ्य समस्या बाट पिडित विपन्न व्यक्तिहरु आर्थिक सहायता तथा उद्धार कार्यहरु भएको ।
१० दुइ वटा वडाहरुमा वडा भवनहरुको काम सम्पन्न भइसकेको र एउटा वडामा वडा भवनको निर्माणको कार्य अगाडी बढ्ने काम हुदै गरेको छ ।
११ नगरपालिका भित्रका सम्मपूर्ण शाखा सडकहरुको स्तरोन्ती तथा मर्मत सम्भारको कार्य भएको टाँक्सीगाड देखि धौलकाडाँ सडक गल्छि देखि टुमेडा ऐसेलु बगर देखि कचाली काडाँ ,बाइसधारा देखि बिउनाडा,बगिउरखान देखि बेरुकाडाँ चौड सडक ,गोईचन दुर्गाथली सडक र दोगडे देखि रारु सम्मको सडकको कार्य सञ्चालन भइरहेको ।
१२ विथ्थड देखि झापा सम्मको २० कि मि सडक कालोपत्रेको लागि संघीय सरकार प्रदेश सरकार र नगरपालिका बिच सम्झौता भई सकेकोले केहि समय भित्र कार्य सञ्चालन हुने अबस्थामा रहेको ।
१३ गर्भवति महिलाहरुलाइ चेक जाँचको लागि स्वास्थ्य सिविर सञ्चालन गरिएको ।
१४ किसानहरु तरकारी बिउबिजन टनेल फलफुलका बोट विरुवा वितरण भएको ।
१५ स्वरोजगारको लागि युवा लक्षित होजियारी सिलाइकटाइ ,हाउस वारिङ् सम्बन्धि तालिम सञ्चालन गरेको ।
१६ प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहको साझेदारीका ७२२ जना ब्यक्तिहरुलाइ आयोजनाहरुमा १०० दिन बराबरको रोजगार प्रदान गरिएको छ।

<u>बुंगल नगरपालिका बझाङ्को आ ब २०७८ /०७९ नगर सभामा प्रस्तावित नीति, कार्यक्रम र बजेट :</u>

## २०७८।०३।०९ सम्मको संक्षिप्त आय व्यय

| क्र स | स्रोत | वार्षिक अनुमानित आय | अहिले सम्मको निकाशा | खर्च | मौज्दात | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | १५ करोड | १५ करोड | १० करोड १६ लाख ४८ हजार ७ सय ५२ | ४ करोड ८३ लाख ५१ हजार २ सय ४८ | |
| २ | संघिय सशर्त अनदान | ३० करोड ४४ लाख १० हजार ३ सय ५० | ३० करोड ४४ लाख १० हजार ३ सय ५० | १८ करोड ५७ लाख ९६ हजार | ११ करोड ८६ लाख १४ हजार ३ सय ५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३** | **प्रदेश समानिकरण** | **७१ लाख ९८ हजार** | **१० लाख** | **१० लाख** | **०** | |
| **४** | **प्रदेश विशेष** | **६८ लाख** | **६८ लाख** | **३० लाख ७६ हजार** | **३७ लाख २४ हजार** | |
| **५** | **प्रदेश समपुरक** | **१ करोड ३२ लाख २५ हजार** | **१ करोड ३२ लाख २५ हजार** | **२८ लाख ७९ हजार** | **१ करोड ३४ लाख ६ हजार** | |
| **६** | **प्रदेश राजश्व बाडफाड** | **१५ लाख २३ हजार** | **१० लाख** | **४ लाख** | **६ लाख** | |
| **७** | **संघिय राजश्व बाडँफाड** | **११ करोड ४ लाख ७५ हजार ६ सय ३०** | **८ करोड ३५ लाख** | **७ करोड ११ लाख ४० हजार** | **१ करोड २३ लाख ६० हजार** | |
| **८** | **आन्तरिक राजश्व** | **८ करोड ७० लाख** | **८ करोड ७० लाख** | **८ करोड १० लाख** | **६० लाख** | |
| | | | | | | |

आर्थिक बर्ष २०७८/ ०७९ को बजेट विवरण निन्नानुसार रहेको छ।

| विवरण | कुल बजेट |
|---|---|
| संघीय सरकारबाट समानीकरण नगद अनुदान | १५ करोड ४५ लाख |
| संघीय सरकारबाट शर्सत अनुदान चालु | ३० करोड १२ लाख |
| संघीय सरकार राजश्व बाँडफाँड | ११ करोड १२ लाख ५४ हजार |
| प्रदेश समानीकरण अनुदान | १ करोड १४ लाख २० हजार |
| प्रदेश राजश्व बाँडफाड | ६० लाख ८८ हजार |
| प्रदेश बिशेष अनुदान | ५० लाख |
| नगरपालिका आन्तरिक आम्दानी बाट अनुमानित | ८० लाख |
| जम्मा | ५९ करोड २ लाख ६२ हजार |

**गरिमामय नगर सभाका अध्यक्ष महोदय,**
**बार्षिक नीति तथा कार्यक्रम**

## महिला बालबालिका तथा जेष्ठ नागरिक  सम्बन्धि नीतिहरु ।

१ यस नगरपालिकामा स्थायी बसोबास भई आएका महिलाहरुमध्ये पिछिडिएका दलित,असाहय,एकल महिलाहरुको स्तरोउन्नती लागि प्रत्येक वडामा सिपमुलुक तालिमका शसत्तिकरण कार्यक्रमहरु गरिनेछ ।
२ घरेलु हिसांमा कमि गराउन विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ । साथै घरेलु हिंसा कम गर्न लागु औषधीमा कडाई गरिने छ ।
३ अपाङ्ग महिलाहरुको सम्मानित जिवन यापनको निम्ति सिपमुलुक तालिम तथा आयआर्जनका स्रोतहरुको व्यवस्था गरिनेछ ।
४ बालविवाह अन्त्यका लागि सचेतनामुलक कार्यक्रम नगरभित्रका प्रत्येक वडामा प्रभावकारीरुपमा संचालन गरिने छ ।
५ बालिका तथा किशोरीको विकास सशत्तिकरण र जिवनोपयोगी सिपका लागि रुपान्तरण कक्षा सञ्चालन गरिने छ ।
६ नगरभित्रका बालबालिकाको क्षमता अभिबृद्धिका लागि नेतृत्व विकास तालिम सडक नाटक जस्ता कार्यक्रम सञ्चालन गरिने छ ।
७ ज्येष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जिवनका लागि परिचय पत्र वितरण अभियान तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
८ फरक क्षमता भएका व्यत्तिहरुको मर्यादित जिवनका लागि अपाङ्ग पहिचान गरि परिचयपत्र वितरणका साथै सरकारी कार्यालय विद्यालयका भौतिक संरचना निर्माण पनि अपाङ्गमैत्रि  बनाइनेछ ।

## शिक्षा सगँ सम्बन्धित नीतिहरु

१ सामुदायिक विद्यालयको गुणस्तर सुदृढीकरण गर्न शिक्षक, प्रधानाध्यापक ,वि.व्य.स शिक्षक अभिभावक संघको सगँ वार्षिक रुपमा कार्य सम्पादन सम्झौता गरिनेछ ।
२ शिक्षकहरुको पेशागत सिप विकासका लागि आवश्कतामा आधारित छोटो अवधिको तालिम सञ्चालन गरिनेछ ।
३ विद्याथी भर्ना दरलाइ अभिवृदि गरी विद्यालय वाहिर रहेका सबै वालवालिकाको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता गरिनेछ ।
४ उत्कृष्ट सामुदायिक विद्यालयलाइ पुरस्कृत गर्ने कार्यलाइ व्यवस्थित बनाउदै निरन्तरता दिइनेछ ।
५ पालिका भित्रका सबै सामुदायिक माध्यामिक विद्यालयहरुमा विद्युतिय हाजिरी प्रणाली संञ्चालन गर्न सकिने वस्तुगत सभ्यव्यताको अध्ययन गरिनेछ ।
६ शैक्षिक गुणस्तरका लागि विद्याथी,शिक्षक,अभिभावक,प्रधानाध्यापक वि.व्य.स विच समय समयमा अन्तरक्रिया कार्यक्रम संञ्चालन गरिनेछ ।
७ सामुदायिक विद्यालयलाई दिइदै आएको निजिश्रोत शिक्षक व्यवस्थापन अनुदान विद्यालयका कार्य सम्पादन क्षमताका आधारमा दिइने निति लिइनेछ ।
८ शिक्षण संस्थालाइ ज्ञानकेन्द्रका रुपमा सशक्त बनाइनेछ ।
९ सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै महिनावारी हुने छात्राहरुलाइ सेनिटरी प्याडको व्यवस्था गरिनेछ ।
१० मेरो गाउँ मेरो विद्यालय हातेमालो कार्यक्रम संञ्चालन गरिनेछ ।

११ सामुदायिक विद्यालयका बालकक्षा शिक्षक, लेखापाल र विद्यालय सहयोगिहरुको न्यूनतम पारीश्रमिक सुनिश्चियता गर्ने कार्यमा जोड दिइनेछ।

## राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण  सम्बन्धि नीतिहरु

१ यस पालिका भित्रका ब्यक्तिगत घटना दर्ता अन्लाईन प्रबिष्ट गर्ने व्यबस्था मिलाउन नगर तथा प्रत्येक वडाहरुमा ब्यक्तिगत घटना दर्ताको मेरुदण्ड इन्टरनेटको ब्यबस्था मिलाईनेछ।

२ एम.आइ.एस अपरेटर तथा फिल्ड सहायकहरुलाई काम गर्न सहज हुने वातावरण मिलाउन टेक्निकल सामाग्रीहरुको ब्यबस्था गरिनेछ।

3 एम.आइ.एस अपरेटर तथा फिल्ड सहायकहरुलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सँग भएको प्रतिबद्दता अनुसार एक चौमासिक बराबरको पारिश्रमिक नगरपालिका बाट ब्यबस्था गराइनेछ।

४ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले बुङ्गल नगरपालिकाका लागि Ministry Budget Information System (LMBIS) मा पठाईएको शसर्त बजेट नगरपालिकाको निति तथा कार्यक्रममा समाबेस गराइने छ।

## सुचना तथा प्रबिधी  सम्बन्धित नीतिहरु

१  नगरपालिका भित्र डिजिटल पालिका निर्माण गर्न डिजिटल नेटवर्किङ्गको ब्यबस्था मिलाईने छ।

२ पालिका लाई गरिने हरेक भुक्तानीको अन्लाईन ब्यबस्था मिलाउन मोबाईल एप पेमेन्ट सिस्टमको ब्यबस्था मिलाईने छ।

३ इन्टरनेट सेवालाइ सुदृढीकरण गर्न सम्बन्धित निकाय संग समन्वय र पहल गरिनेछ।

४ पालिकाको आफ्नै सर्भर निर्माण गरी सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ।

## नापजाँच सम्बन्धित नीतिहरु

१  प्राविधिक नापजाँच शाखाभित्रका कार्यहरुलाइ डिजिटल प्रविधिमा सुरु गर्न GIS Software को व्यवस्था गरी उक्त Software बाट कामकाज गरिनेछ।

२ नापजाँच सम्बन्धि अभिमुखीकरण तालिम तथा गोष्ठीको आयोजना गरी त्यसबारे सबैमा जानकारी गराइनेछ।

३ नापजाँच सहजका लागि टेक्निकल सामाग्रीहरुको व्यवस्था गराइनेछ।

## बहुक्षेत्रिय पोषण योजना  सम्बन्धित नीतिहरु

१ बहुक्षेत्रिय पोषण योजनाका लाभांवित व्यक्ति र समुहको पहिचान गरी सुची तयार गर्ने र उक्त विवरण विषय गत शाखामा अभिलेखीकरण गरिनेछ।

२ स्थानीय तहको कार्यालय परिश्रम पोषण नाग्लो प्रदशन पोषण कर्नर स्थापना गरी पोषण सन्देश प्रवाहको सुनिश्चता गरिनेछ।

३ पोषण युक्त स्थानीय खाद्य उत्पादन तथा उपभोगका लागि आवश्यक तालिम कार्यक्रम सञ्चालन गराइनेछ।

४ सिघ्र कुपोषण र मध्यम कुपोषण घरपरिवारका सदस्यहरुलाइ स्वास्थ्य संस्थामा जानकारीको लागि शिशु तथा बाल्यकालिन पोषण सम्बन्धि परामर्श प्रदान भएको शुनिश्चताको लागि समन्वय सहजीकरण गराइनेछ।

५ पोषण मैत्री स्थानीय सरकारको प्रतिबद्धता पुरा गर्न पूर्ण पोषण युक्त घर गाउँ र वडा घोषणा अभियानका लागि सुचकहरु र विधि एवंम प्रकृया बारे जानकारी गराइने  र स्थिति पत्र पत्रिकामा प्रकाशन गर्ने कार्यको लागि आवश्यक सुचना तथा तथ्याङ्क संकलन गराइनेछ।

६ गर्ववति महिला सुनौला हजार दिनका आमा र बालबालिका किशोरी लक्षित हुने गरी अल्पकालिन तथा दिर्घकालिन योजना निर्माण गराइनेछ ।
७ महिला सहकारी तथा समुहमा सञ्चालन हुने अनुदानमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गराइनेछ ।
८ स्थानीय तहमा सरकारी तथा गैर सरकारी सस्थाबाट सञ्चालन हुने पोषण सम्बन्धि कार्यक्रमहरुको मुल प्रभाहीकरणको लागि आवश्यक निति नियमहरु गराइने छ ।
९ बहुक्षेत्रिय पोषण कार्यक्रमलाइ थप नयाँ ढङ्ग बाट प्रभावकारी रुपमा अगाडी बढाउन  टेक्निकल सामाग्रीहरु को ब्यबस्था गरिनेछ ।

## स्वास्थ्य शाखा सम्बन्धित नीतिहरु

१ खोप कार्यक्रम मार्फत तोकिएका सवै खोप सवै वालवालिका तथा गर्भवती  महिलाहरुलाई गुणस्तरीय सुरक्षित एंव सर्वसुलव तरीकाले खोप सेवा प्रदान गर्न सकिनेछ ।

२ पुर्ण खोप सुनिश्चितता निरन्तरता एंव घोषणा गर्न सकिनेछ ।

३ खोप वाट वचाउन सकिने रोगहरुको विरामिदर अपांग दर तथा मुत्युदर लाइ न्युनिकरण गर्न सकिनेछ
४ नवजात तथा वालमुत्युदर तथा विरामि हुने दर घटाउन सकिनेछ ।
५ खोपवाट वचाउन सकिने रोगहरुको नियन्त्रण तथा उन्मुलन गर्न सकिनेछ । साथै स्वास्थ्यकर्मिहरु क्षमता अभिवृदि गराई गुणस्तरीय खोप सेवा प्रदान गर्न सकिनेछ ।

६ तालिमहरु तथा onsite coaching हरु संचालन गरी स्वास्थ्यकर्मिहरुको सिप तथा क्षमता अभिवृदि गर्न सकिनेछ ।

७ नि शुल्क वितरण हुने औषधी तथा स्वास्थ्य सेवा आम जनसमुदायमा पुर्याउन मदत गर्छ ।
८ समुदायमा रहेका क्षयरोग तथा कुष्ठरोगीहरु पत्ता लगाई उपचारको दायरामा ल्याउन मदत गर्छ।
९ FCHV हरुको क्षमता अभिवृदि गराइ समुदायमा जनचेतना फैलाउन सहयोग गर्छा ।
१० समुदाय स्तरमा स्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी चेतनाको स्तरमा वृदी गर्ने ।
११ स्वास्थ्यकर्मिहरुलाई पोषण सम्वन्धि तालिम उपलब्ध गराई क्षमता अभिवृदि गर्न सकिनेछ ।
१२ विपद तथा महामारीको समयमा दुर्त प्रतिकार्य टोली परिचालन गर्न सकिनेछ ।
१३ जनसंख्याको वितरण भौगोलिग आवश्यकताको आधारमा आधारभुत स्वास्थय केन्द्र स्थापना गरी गुणस्तरीय सेवा प्रवाह गर्न सकिनेछ ।
१४ कोभिड १९ का विरामीहरुको उपयुत्त पहिचान, व्यवस्थापन र केश कन्ट्रयाक्ट ट्रेसिङ्ग गरी समुदाय स्तरमा कोभिड १९ को संक्रमण दरलाइ घटाउन सकिने छ ।

१५ पोषण मैत्रि स्वास्थ्य वडा तथा नगरपालिका घोषणा गर्न सकिनेछ ।

१६ स्वास्थ्यकर्मिहरुलाई पोषण सम्वन्धि तालिम उपलब्ध गराई क्षमता अभिवृदि गर्न सकिनेछ ।
१७ विधालय स्वास्थ्य तथा पोषण कार्यक्रम स्चालन गरी विधार्थिहरुको क्षमता अभिवृदि तथा जनचेतना फैलाउन मदत गर्छ ।

१८ पोषण विशेष र पोषण संवेदनसिल कार्यक्रम मार्फत महिला वालवालिका तथा किशोरकिशोरीहरुको पोषण अवस्थाको सुधार हुनेछ।

१९ ओटिसि केन्द्रहरु बिस्तार गरी समुदायमा भएका कुपोषित बालबालिकाहरु पहिचान गर्ने र समयमै उपचार गरी कुपोषणको कारणले हुने मृत्युदरलाइ शुन्य बनाउन सकिनेछ।

२० सुरक्षित सुत्केरी तथा गर्भवती सेवा प्रदान गरी मातृ तथा नवजात शिसु मृत्युदर घटाउन मदत गर्छ।

२१ ANC,PNC Home visit सेवा कार्यक्रम संचालन गरी गर्भवती तथा सुत्केरीहरुमा हुने समस्याहरु न्युनिकरण गर्न सकिन्छ।

२२ मातृ नवशिशु तथा परिवार स्वास्थ्य कार्यक्रम समुदाय स्तरमा सञ्चालन गरी Zero home delivery वडा तथा न पा घोषणा गर्न सकिन्छ।

२३ गर्भवती उत्प्रेरणा तथा सुत्केरी यातायात खर्च, न्यानो झोला र अन्य आवश्यक औषधि तथा उपकरणहरु खरीद गरी सेवा लाई गुणस्तरीय तरीकाले प्रवाह गराइनेछ।

२४ परिवार नियोजन सम्वन्धि शिविरहरु संचालन गरी जनसमुदायमा सेवाको पहुँच पुर्याइनेछ।

२५ स्वास्थ्यकर्मिहरुलाई पोषण सम्वन्धि तालिम उपलब्ध गराई क्षमता अभिवृदि गराइनेछ

२६ विभिन्न किसिमका (आखाँ सिविर,जेष्ठ नागरिक सिविर,दन्त सिविर,पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन Screening camp ) स्वास्थ्य सिविरीहरु सञ्चालन गराइनेछ।

२७ बुड्गल नगरपालिका भरी विभिन्न स्थानहरुमा ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम सञ्चालन गराइनेछ।

२८ समुदाय स्तरमा लुकेर बसेका क्षयरोगका बिरामीहरुलाइ पत्ता लगाउन समय समयमा TB Microscopic Camp सञ्चालन गरिनेछ।

२९ हाल विकराल स्वास्थ्य समस्याको रुपमा रहेको आत्महत्या लाइ न्यूनिकरण गर्न स्वास्थ्य कर्मिहरुलाइ उचित तालिमको व्यवस्था गरी जनचेतना मुलक कार्यक्रम सञ्चालन तथा सकरात्मक सोच सम्वन्धी तालिम प्रदान गरिने ।

३० पालिका स्तरमा स्वास्थ्य सस्थाहरुको मासिक सुचना संकलन भेरीफिकेशन एवं गुणस्तर सुधार गर्न प्रत्येक स्वास्थ्य सस्थाहरुमा Internet को व्यवस्था गराइनेछ।

३१ हालै विकराल महामारीको रुपमा रहेको Covid 19 रोग रोकथाम नियन्त्रण तथा व्यवस्थापनमा खटिएका स्वास्थ्य कर्मिहरुको लागि उचित जोखिम भत्ता उपलब्ध गराइनेछ।

३२ मात्तृ शिशु तथा परिवार स्वास्थ्य कार्यक्रमलाइ सुदृढ बनाउन वर्थिङ्ग सेन्टरहरुका लागि आवश्यक सामाग्रि खरिद तथा थप वर्थिङ्ग सेन्टरहरु सञ्चालन गराइनेछ।

३३ स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृदि गर्न विभिन्न किसिमका Basic तथा Refresing Training हरु सञ्चालन गराइनेछ।

३४ राष्ट्रिय खोप कार्यक्रमलाइ सृदृढ बनाउन बुड्गल नगरपालिकामा Cold Chain Sub Center को व्यवस्था गराइनेछ।

३५ स्वास्थ्य सेवालाइ गुणस्तरीय तवरले प्रवाह गर्न आधारभुत स्वास्थ्य इकाइ विस्तार गरिनेछ साथै भवनको व्यवस्था गराइनेछ।

७ जलबायु अनुकुलका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

<u>पशुपंक्षी सेवा सम्बन्धि नीति तथा कार्यक्रम</u>

१ पशुमा लाग्ने आन्तरिक तथा वाह परजिविहरुको बारेमा जानकारी गराइनेछ ।

२ पशुहरुमा लाग्ने रोगहरुको बारेमा सबैलाइ जानकारी गराइनेछ र समयमै औषधी उपचारको व्यबस्थापन गरिने छ ।

३ पशुपंक्षी पालनलाइ प्रविधियुक्त,परिणाम मुखी व्यवसायिक र प्रतिस्प्रधि बनाइ पशुपंक्षी जन्य पदार्थको आयत घटाउदै निर्यात प्रवन्धन गरिनेछ ।

४ पशुपंक्षी पालनलाइ महिला,युवा तथा सबै आर्थिक भौगौलिक र सामाजिक वर्गको स्वोरोजगारको माध्यमका रुपमा विकसित गर्दै आयआर्जनका दिगो श्रोतको रुपमा विकास गरिनेछ ।

५ पशुजन्य पदार्थबाट मानब स्वास्थ्यमा पर्न सक्ने नकरात्मक असर लाइ न्यूनिकरण गर्न स्वच्छ पशुपंक्षी उत्पादन गरिनेछ ।

७ नगरपालिकालाइ पशुपंक्षी जन्य उत्पादनमा आत्मनिर्भर बनाइ कुपोषण हटाउन र खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याइनेछ ।

८ पशुपालनमा आइपरेका प्राविधिक तथा आर्थिक समस्याको समाधान भएको हुनेछ ।

९ पशुहरुको औषधि आवश्यकताअनुसार पशुपालन किसानहरुले पाउने व्यवस्था गराइनेछ ।

१० स्थानीय पशुपंक्षीका लोपोन्मुख रैथाने प्रजातीको संरक्षण प्रवर्धन र जगेर्ना कार्यक्रम सञ्चालन गरिनेछ ।

११ अण्डा,मासु,दुधमा आत्म निर्भर कार्यक्रम सञ्चालन गरिने छ ।

१२ पशु नस्ल सुधारलाइ सुदृडीकरण गराइने न्यून उत्पादन क्षमता भएका पशुहरुलाइ कर्मिक रुपमा हटाइने र पशुसख्यामा भन्दा उत्पादन र गुणस्तरमा वृद्धि गराइने ।

१३ उत्पादित बस्तुको लागि प्रशोधन र बजार ब्यवस्थापनमा श्रमिक सुधार र विकासलाइ प्रोत्साहन गर्न कदमहरु चलाइनेछ ।

१४ कम्पोष्ट मल र रासायनिक मल दुबै प्रयोग गरी अन्न उत्पादनमा बृद्धि गर्ने र फार्म उत्पादनबाट क्रमशः पशु आहाराको श्रोत बढाउदै लैजाने ।

१५ भैरहेको चरणमा उन्नतर पौष्टिक घाँसपात डालेघाँस आदि लगाइ पशु पोषणमा सुधार ल्याउनका लागि आवश्यक श्रोत र साधन जुटाउने व्यावस्था मिलाइने छ ।

१६ बाढिपहिरो कारण विनास भएको जमिन जगंल खोला नाला को किनार र सडकको दायाँबायाँ तिर डालेघाँसको विरुवा लगाइ तिनीहरुबाट हरियो घाँस उत्पादन गराइनेछ ।

१७ नगरपालिका भित्रका कृषक हरुको समस्या सुल्झाउन आवश्यक प्राविधिक सेवा उपलब्ध गराइने र तिनीहरुलाइ पशुपालन सम्बन्धी तालिम भ्रमणको व्यावस्था मिलाइने छ

१८ दिर्घकालिन कृषि निति अनुरुप पकेट प्याकेज रणनितिहरुलाइ प्राथमिकता दिइनेछ ।

१९ गरिबीको रेखामुनि रहेका कृषकहरुको लागि विभिन्न सरकारी (सघं र प्रदेश) गैर सरकारी तथा वित्तिय संस्थाहरु सगँ समन्वय गरी आयआर्जनमा सहयोग गर्ने ।

२० प्रचार प्रसार आहारा तालिम र पशु स्वास्थ्य आदिको प्याकेज समुहमा पुर्याइनेछ ।

## आर्थिक क्षेत्र भित्र कार्यक्रमहरु

१ फलफुल तथा तरकारीमा आत्मनिर्भर हुनका साथै आर्थिक उन्नतिका लागि एक वडा एक फलफुल तथा तरकारी पकेट क्षेत्र बनाइने छ।

२ उत्पादन गरेका फलफुल तथा तरकारी संकलन केन्द्र हाट बजारको व्यवस्था गरिनेछ।

३ नर्सरी स्थापना गरी बेर्ना उत्पादन गर्ने कृर्षक र व्यवसायीक रुपमा तरकारी तथा फलफुलको खेति गर्ने कृर्षकलाई प्रोत्साहन गरिनेछ।

४ कृर्षिको आधुनिकरणका लागि कृर्षि औजार, मल बीउको वितरण गर्ने गराइने छ।

५ रैथाने बालीको संरक्षण एवंम् प्रवर्धन गरिने छ।

६ पशुपालन व्यवसायलाई व्यवस्थित गरी दुग्ध डेरी विस्तार गरिने छ।

७ उन्नत जातका पशु पन्क्षीबाट बाख्रा पालन कुखुरापालनमा लगानी गरिने छ।

८ सिचाईका लागि कुलो, नहर, पोखरी निमार्ण तथा मर्मत सम्भार गरिने छ।

९ बुङ्गल नगरपालिका भित्र माटो जाचँ सिविर सञ्चालन गरिनेछ।

१० व्यवयिक रुपमा मैरी पालन गर्ने कृषकहरुलाइ प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

११ अगुवा कृषक तथा व्यवसाय रुपमा खेति गर्दै आएका कृषकहरुलाइ श्रमणको व्यवस्था गरिनेछ।

## रोजगार सम्बन्धी नीति तथा कार्यक्रमहरु

१ श्रमकमुलक आयोजनाहरु र रोजगारी सिर्जना हुने आयोजनाहरुलाई प्राथमिकता दिई सञ्चालन गरिने छन्।

२ बेरोजगार व्यक्तिहरु तथा विदेश बाट फर्किएका युवाहरुको क्षमता विकास, सिपमुलक कार्यक्रम, आय आर्जनका कार्यक्रम ल्याई पेसा व्यवसाय प्रति आबद्ध गरिने छ।

३ स्थानीय उत्पादित सामाग्रीलाई बजारीकरण गरी बजार व्यवस्थापन गरिने छ सामुदायिक वन सरकारी वन सँग समन्वय गरी निगाँलोबाट बन्ने सामाग्री नगरपालिकाले भण्डारण गरी बिक्रि वितरणको व्यवस्था गरिने छ।।

४ युवा रोजगारीका लागि विभिन्न कार्यक्रम तथा कम्तीमा २ ह्याचरी उधोग र सिलाई सेन्टर बनाईने छ।

५ सहकारीहरु सञ्चालन गरी बचत, रिण सहुलियत र आयआर्जनका कार्यप्रति आबद्ध गरिने छ।

६ रोजगार कार्यक्रम सञ्चालनका लागि आयोजनाहरु सञ्चालन गर्दा निर्माण सामाग्री अन्य सामाग्री,दक्ष कामदारको ज्याला र अनुगमन व्यबस्थापन खर्च बाफतको रकम नगरपालिकाले व्यवस्थापन गरी सम्पूर्ण योजनाहरु साझेदारीमा सञ्चालन गरी ६९४ जना व्यक्तिहरु लाइ १०० दिन बराबरको रोजगारी दिइनेछ।

७ तालिम लिइ स्वरोजगार बन्ने व्यक्तिका लागि ५० दिनको कार्य स्थल तालिम र तालिम सकिए पश्चात ५० दिनको रोजगारी दिइनेछ।

८ अति विपन्न बेरोजगारी ब्यक्तिहरुका लागि स्वरोजगार बन्न तालिम तथा सहलियत कर्जाको लागि समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

९ नगरपालिका भित्र रोजगारीका सम्भावनाहरुको अध्यनन गरि रोजगार तथा स्वरोजगार सिर्जना गर्नाको लागि स्थानीय तहले ऐन तथा कार्यविधि तयार गरि कार्यक्रम सञ्चालन गरिनेछ।

१० नगर भित्रका प्राकृतिक सम्पदाहरु मुहान संरक्षणको कार्य गरिने छ ।

११ पर्यटनहरुलाई भित्र्याउन पर्यटकीय क्षेत्रको संरक्षण, निर्माण, मर्मत, पार्क निर्माण, होम स्टे निर्माण गरिने छ ।

१२ नगरपालिका भित्र रहेका धार्मिक स्थलहरुको संरक्षण गरि पुरानै स्वरुपमा राखिने छ ।

१३ जडिबुढि प्रशोधन कार्यलाई बजारमुखी बनाईने छ ।

सामाजिक क्षेत्र भित्रका कार्यक्रमहरु

१ यस नगरपालिका भित्र रहेका आरन व्यवसायीहरुलाई तालिमको व्यवस्थापन गरी आधुनिकरणमा जोड दिई कार्यस्थितिका सहज पारिने छ ।

२ आधुनिक पानी घट्ट निर्माण गरी पत्यक्ष महिलालाई पर्ने कार्यबोझलाई कम गरिनेछ ।

३ यस नगरपालिका भित्रका अपाङ्गहरुलाई वर्गीकरणका आधारमा विभिन्न सिपमुलक कार्यक्रम ल्याई जिविकोपार्जनमा सुधार तथा आर्थिक सहयोग गरिने छ ।

४ विपन्न दलित वर्गलाई क्षमता विकास शसक्तिकरणका कार्यक्रम र सिपमुलक कार्यक्रम ल्याई व्यवसायमुखी बनाईने छ ।

५ एकल महिला तथा अपाङ्ग एकल परिवारलाई शौचालयको व्यवस्थापनमा सहयोग गरिने छ ।

६ खानेपानी नपुगेका टोल वस्ति, भौगौलिक रुपले दुर्गम ठाँउमा खानेपानीको व्यवस्था गरी सरसफाईका कार्यक्रममा निरन्तरता दिईने छ।

७ विपन्न, टुहुरा , अनाथ , अशक्त व्यक्तिहरुलाई राहात तथा सामाजिक सुरक्षाका कार्यक्रममा प्राथमिकता दिईने छ ।

८ विपन्न असाय, गरिब, पिछडिएको वर्गहरु तथा परिवारको क्षमता विकास गरी आयआर्जनका क्रियाकलापमा लगाई सामाजिक मुलधारमा ल्याईने छ

९ बालबालिकाहरुका क्षमता विकासका कार्यक्रमका जोड दिई समस्या ग्रस्त, हिंसा पिडित, श्रमिक बालबालिकालाई उचित न्याय सहित सहयोग गर्ने कार्यक्रम तथा नीति बनाईने छ साथै सामुदायिक विद्धालयमा बालमैत्री धारा निर्माण गरिने छ, दिवा खाजा कार्यक्रम लागु विद्धालयमा आवश्यक सहयोग गरिने छ । ।

१० पोषणमा ध्यान दिई सुनौला हजार दिनका आमा तथा बालबालिका, गर्भवती महिला र जेष्ट नागरिकको स्वास्थमा सुधार ल्याउन पोषणका कार्यक्रम सञ्चालन गरिने छ ।

११ महिलाहरुको क्षमता विकासका लागि विभिन्न सिपमुलक कार्यक्रम सञ्चालन गरी पेसा व्यवसाय प्रति आबद्ध गरिने छ ।

१२ समाजमा पछाडी परेका र पारिएका महिला, अन्यायमा परेका र घरेलु हिंसा पिडित महिलाहरुलाई उचित न्याय सहित क्षतिपुर्ति दिलाउने नीति तथा कार्यक्रम बनाई सहयोग गरिने छ ।

१३ शिक्षाको पहुचँ भन्दा बाहिर रहेका बालबालिका र व्यक्तिहरुलाई शैक्षिक कार्यक्रममा समावेस गरिने छ ।

१४ महिला स्वास्थ्य स्वयम् सेविकाहरुको लागि प्रोत्साहन भत्ता बढाई मासिक रु १५०० बनाईने छ

१५ नगर भित्र १५ सयाको नगर अस्पतालको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१६  रुढीवादी अन्धविश्वास, सामाजिक भेदभाव, सामाजिक विकृति,  बाल विवाह, बहुविवाह र सामाजिक कुसंकारको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रमा सञ्चालन गरिने छ।

20 युवा खेलकुदका कार्यक्रमहरु सञ्चालन गरी खेलकुदकाका लागि दक्ष जनशक्ति उत्पादन गरिने छ।

२१ नगर भित्रको भाषा  संस्कृतिको संरक्षण र जगेर्ना गर्ने  कार्यक्रम बनाईने छ।

**गरिमामय नगर सभाका अध्यक्ष महोदय,**

<u>भौतिक तथा पुर्वाधार विकासका कार्यक्रमहरु</u>

१ नगर भित्रका निर्माणाधिन सडक र निर्माण भएका सडकहरुको स्तरउनोन्ति गरि बार्है महिना सञ्चालनमा ल्याईने छ।

२ विभिन्न खोलामा साघु, आर सि सि पुल तथा कलभर्ट निर्माण गरिने छ।

३ नगरपालिका भित्र विधुत लाइन विस्तारको कार्यलाई समन्वय र सहकार्य गरी निरन्तरता दिईने छ साथै अध्यारो मुक्त नगरपालिका घोषणा गर्ने गरी कार्यक्रम अघि बढाइनेछ।

४ नगरपालिकाको भवन निर्माण कार्यलाई निरन्तरता दिईने छ।

५ नगर भित्रका ठुला तथा गौरवका आयोजनाहरु खेलकुद मैदान, बाइसधारा तिर्थस्थल, बड्डि ज्यावन, थान पाटन, धउलढुङ्गा, पुरमचुली क्षेत्रलाई निरन्तरता दिईने छ।

६ क्रमागत आयोजनाहरुलाई निरन्तरता दिईने छ।

७ समस्या ग्रस्त विद्धालयमा भवन, शौचालयको निर्माण तथा मर्मत कार्य गरिने छ।

८ नगर भित्रका लघुविधुत नविकरणीय उर्जाका स्रोतहरुलाई संरक्षण तथा मर्मत गरि सञ्चालमा  ल्याईने छ।

९ नदिनालाले जोखिम भएको ठाँउमा तट्बन्धन गरिने छ ।

१० जोखिमयुक्त बाटोको निर्माण तथा सुधार गरिने छ

## वन तथा वातावरण क्षेत्रभित्रका कार्यक्रमहरु

१ सामुदायिक वन निर्माण र संरक्षणमा जोड दिईने छ।

२ एक व्यक्ति एक विरुवाको अवधारणा ल्याई वृक्षारोपणका कार्यक्रम गरिने छ।

३ विरुवा उत्पादनका लागि नर्सरी निर्माण गरी व्यवस्थापन गरिने छ साथै जैथुन खेतिको अध्ययन गरी व्यवसायिक रुपमा अगाडी बढाईने छ।

४ वातावरणीय फोहरमैला व्यवस्थापन गरिने छ।

५ वन वातावरण संरक्षण र जलवायु परिवर्तन सम्बन्धी जनचेतनामुलक कार्यक्रम गरिने छ।

## सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रका कार्यक्रमहरु

१ नगर भित्रको विपद् व्यवस्थापन लाई ध्यान दिई विपद् व्यवस्थापन तर्फ राहात लगायत जोखिम न्युनिकरण र विविध कार्यक्रम सञ्चालन गरिने छ।

२ कार्य सम्पादनलाई छिटो छरितो गर्न सवै कार्यालयमा इन्टरनेट सुविधामा सुद्‌ढीकरण र आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने छ।

३ विधुतीय सञ्चार प्रणालीलाई थप मजबुत  विधुतीय प्रणाली र सञ्चार सेवालाई सहज बनाउन आवश्यक व्यवस्था गरिने छ।

४ सुशासन र सहज कार्य सम्पादन कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता विकासका लागि तालिम, गोष्ठि, अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ।

५ कार्य सम्पादनका लागि अनुगमन मुल्याङ्कल र सुपरभिजन जस्ता कार्यक्रम सञ्चालन गरिने छ

६. कार्यालयबाट हुने कार्यलाई सेवा ग्राहीमैत्री बनाइनेछ।

गरिमामय नगर सभाका अध्यक्ष महोदय,

## नीतिगत व्यवस्था

१ नगर भित्रका सम्पुर्ण पसलहरु तथा व्यवसायहरुलाई दर्ता प्रक्रियामा ल्याएर दर्ता गरि निजहरुको हक अधिकारको संरक्षण गरिने छ।

२ सामुदायिक वनको अवधारणा अनुसार वन जङ्गलको संरक्षण गरी औषधी जन्य जडीबुढिको नर्सरी निर्माण गरिने छ।

३ नगरपालिकाले बनाएका कार्यविधिहरुको निरन्तर कार्यान्वयन गरिने छ।

४ कालङ्गा, सानीगाड र निमिलीगाडको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरि सकेकाले जथाभावी ढुङ्गा, गिट्टी,  बालुवाको उत्खलन नगरिदिन अनुरोध गरिन्छ र  आषाढ मसान्त देखि असोज मसान्त सम्म उक्त कार्य रोक लगाईने छ।

५ प्रारम्भिक वातावरणीय परिक्षणको रिपोट अनुसार कालंगा हाइड्रोपावर  र सानीगाड हाइड्रोपावरबाट निर्माण कार्य सञ्चालन भए देखि हाल सम्मको कर लिईने छ।

६ सामुदायिक वन तथा सार्वजनिक ठाँउ बाट पनि ढुङ्गा गिट्टी वालुवा संकलन गरिरहेकोमा आपसी समझदारी अनुसार कर लिईने छ।।

७ नगरपालिकाले लिने मालपोत कर, घर बहाल कर जस्ता कर पुरानै रुपमा लिईने छ वा एकिकृत सम्पत्ति कर लगाईने छ।।

८ यो आ ब देखि यस नगर भित्र आवत जावत गर्ने सवारी साधन तथा माल बाहक गाडीहरुलाई नगर परिषद्‌ले निर्धारण गरे अनुसार  सवारी साधन कर लिईने छ।

९ नगरपालिका भित्र रहेका सिलेट खानीको हकमा व्यक्तिको नाममा दर्ता रहेछ भने आम्दानी कर लिईने छ यदि सार्वजनिक ठाँउ भएमा नगर परिषद्‌ले तोके अनुसार दस्तुर लिईने छ।

गरिमामय नगर सभाका अध्यक्ष महोदय,

## अन्त्यमा

समग्र नगरपालिकाको विकासका लागि सडक, विधुत, सिचाई, पर्यटन, क्षेत्रमा ठुला र गौरवका आयोजनाहरुमा बिशेष प्राथमिकता दिईने छ।  खानेपानी र सरसफाईको क्षेत्रमा विभिन्न निकाय संग समन्वय गरी घर घरमा स्वच्छ खानेपानी र सरसफाई पुर्याउने लक्ष्य रहने छ। नगरपालिका भित्र

सञ्चालन भई रहेका सवारी साधनले लिने भाडामा नियमानुसार एकरुपता गरिने छ, नगर भित्र रहेका फलाम खानी खरि खानी अर्बक खानीहरुको सम्भाव्यता अध्ययनका लागि सम्बन्धित निकाय सँग पहल गरिने छ। युवाहरुका लागि विभिन्न स्वरोजगारमुलक आयोजनाहरु सञ्चालन गरिने लक्ष्य रहने छ।समाजमा रहेको लैङ्गिक हिंसा असमानता, बाल बिवाह, कुप्रथा, विभेद जातिय छुवाछुतको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिने छ सामाजिक विकासको लागि विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरि समाजमा पछि परेका र पारिएका व्यक्ति तथा समुदायलाई अगाडि बढाउन अझै विभिन्न कार्यक्रम गरिने नीति बनाइने छ । समग्र नगरबासीको हक अधिकार र आर्थिक स्तर बढाउन रोजगारमुलक आयोजनाहरु सञ्चालन गरिनेछ

नगरको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुर्याउने नगरबासीहरु, राजनीतिक दल, वुद्दिजिबी, करदाता, संञ्चारकर्मी, विकास साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु। साथै नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा गरेका छौ।

धन्यावाद।